# इन्द्रसरोवर गाउँपालिका

## सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा

कुलेखानी, मकवानपुर

# वार्षिक प्रगति समिक्षा

आर्थिक वर्ष २०७७–०७८

**तयार गर्ने:**

**मञ्जरी बलामी**

**(एम.आई.एस.अपरेटर)**

**मिति:**

**२०७८–०४–२ र ३ गते**

# परिचय

राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिका महत्वपूर्ण व्यक्तिगत घटनाहरुलाई आधिकारिक रुपमा रेकर्ड राख्नुलाई व्यक्तिगत घटनादर्ता भनिन्छ । हाम्रो देशमा भने जन्म, मृत्यु, विवाह, बसाइसराई र सम्बन्ध विच्छेद गरी पाँच किसिमका घटनाहरुलाई लिइन्छ । यसअन्तर्गत सम्बन्धित कार्यालयहरुले रेकर्ड राख्ने, भण्डारण गर्ने, उपयोग तथा वितरण सम्बन्धी कार्यहरु गर्दछन् । नेपालमा व्यक्तिगत घटना दर्ता सम्बन्धमा "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३" आएपछि २०३४ बैशाख १ गतेदेखि १० जिल्लाबाट शुरुगरी १७ चरणमा विस्तार गरिंदै २०४७ बैशाख १ बाट नेपालभर लागू भएको हो । शुरुमा गृहपञ्चायत मन्त्रालय अन्तर्गत रही जिल्ला प्रशासन कार्यलयमार्फत यसकार्य गरिंदै आएकोमा २०५० श्रावणबाट स्थानीय विकास मन्त्रालयको पञ्जीकरण शाखाबाट सञ्चालन हुन थालेको हो । मिति २०७५ आश्विनमा राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र केन्द्रीय पञ्जीकरण विभागको एकिकरण पश्चात् पुनः गृह मन्त्रालय अन्तर्गत रहेको छ ।

मानिस सक्रिय जिवनयापन गरिरहेका बेलामा होस् या अशक्त अवस्थामा होस उसका आधारभूत मानवीय आवश्यकताहरु पूरा हुने सुनिश्चितता हुनु नै सामाजिक सुरक्षा हो । त्यसैले सामाजिक सुरक्षा अत्यन्त बृहत अवधारणा हो । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट वितरण भैरहेको सामाजिक सुरक्षा भत्ता "सामाजिक सहयोग" अन्तर्गत "नगद प्रवाह" कार्यक्रम हो । लाभग्राहीले यस्तो भत्ता रकम बुझ्केकोमा कुनै पनि दायित्व बहन गर्नु नपर्ने भएकाले यो निशर्त अनुदानको रुपमा रहेको छ । यस किसिमबाट प्रदान गरिंदै आएको सामाजिक सुरक्षा भत्ता देशैभरिका विभिन्न वर्गका लाभग्राही समूहहरुलाई धनी-गरिब, विशेष क्षेत्र आदिमा लक्षित नगरी समान रुपमा लागू गरिएकोले यो बढी सर्वव्यापी प्रकृतिको छ । हाल नेपाल सरकारले देशभर मुख्य सातवटा लक्षित समुहहरुलाई विभिन्न दरमा भत्ता वितरण गरिरहेको छ । जेष्ठ नागरिक, दलित, अपाङ्ग, लोपोन्मुख, विधवा, एकल महिला तथा दलित बालबालिका जस्ता उच्च जोखिममा रहनसक्ने समुह प्रत्यक्ष लाभान्वित हुने कार्यक्रम भएकोले नेपाल सरकारको अत्यन्त लोकप्रिय कार्यक्रम पनि हो । वर्तमान सन्दर्भमा गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले यसको जिम्मेवारी सम्हाल्दै आएको छ ।

# कार्यान्वयनको संक्षिप्त अवस्था

❿नेपाल सरकार गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मातहतमा रहि सामाजिक सुरक्षा  तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना निर्देशिका २०७४ को दोस्रो संसोधन २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली २०७७, सामाजिक सुरक्षा  नियमावली २०७६, सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी २०७५ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ बमोजिम यस इन्द्रसरोवर गाउँपालिकाको सामाजिक सुरक्षा  तथा पञ्जीकरण शाखाबाट कार्य सम्पादन गर्ने गरिएको छ ।

# पृष्ठभूमी

गाउँपालिकाहरुमा अधिकांश सामाजिक सुरक्षा तथा पञ्जीकरण निति तथा कार्यक्रम कार्यान्वयनको प्रमुख निकाय सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा हो । नेपाल सरकार गृहमन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग मार्फत **'सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना'** अन्तर्गत यस इन्द्रसरोवर गाउँपालिकामा पनि सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा (इकाई) स्थापना गरी सामाजिक सुरक्षा र पञ्जीकरणसँग सम्बन्धित कार्य सञ्चालन हुँदै आएको छ । यस गाउँपालिका भित्र प्रवाह गर्नुपर्ने सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धि सेवाहरु विभाग मार्फत वार्षिक कार्यक्रमको रुपमा सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखामा प्राप्त हुन्छ । यसरी प्राप्त भएका कार्यक्रमहरुको प्रभावकारीता, नतिजा तथा सूचाङ्क र तथ्याङकलाई आधार मानेर आगामी कार्यक्रमहरु नीति निर्माण तहवाट निर्धारण भएका हुन्छन् । इन्द्रसरोवर गाउँपालिकामा आ.व. २०७७-०७८ मा सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा मार्फत सम्पादन भएका समग्र कार्यहरु, सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धमा भएका गतिविधि, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको वार्षिक विवरण, कार्यसम्पादनमा भएका समस्या तथा चुनौतीहरुको सेरोफेरोमा रहेर यो प्रतिवेदन तयार पारिएको छ । यो प्रतिवेदनको विषयवस्तु व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षासँग सम्बन्धित रहेका छन् । यस प्रतिवेदनको अध्ययनबाट सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाले गर्न सकेका र गर्न प्रयत्न गरिएका क्षेत्रहरु देखिनेछन् ।

# सामाजिक सुरक्षा तर्फ

१) सामाजिक सुरक्षाको विषयमा विभागबाट तयार गरेको PSA तथा सूचना स्थानीय सञ्चार माध्यम, सामाजिक सञ्जाल र वेबसाइट मार्फत प्रचार प्रसार,

२) सामाजिक सुरक्षा परिचयपत्र नविकरण,

३) सामाजिक सुरक्षा भत्ताको लागि प्राप्त नयाँ निवेदनलाई अनलाईन प्रणालीमा इन्ट्री,

४) लगत कट्टा तथा रकम फिर्ता,

५) बैंकसँग दोस्रो पटक सम्झौता सम्पन्न,

६) बैंकिङ प्रणाली अबलम्बन,

७) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्यात्मक विवरण,


८) विवरण शुद्धिकरण र अद्यावधिक,

९) हालसम्म कायम रहेका लाभग्राही संख्या,

१०) सामाजिक सुरक्षा भत्ता पाउने र पाएका लाभग्राहीहरुको विवरण सार्वजनिक

# १) व्यक्तिगत घटना दर्ताको विषयमा विभागबाट तयार गरेको PSA तथा सूचना स्थानीय सञ्चार माध्यम, सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार,







दर्ता नं.११२१०७४।०७५    वाङ्चेन्स नं.२८६।०७४।०७५    स्थायी लेखा नं.३०२६०७५४१

श्री इन्द्रसरोवर युवा क्लब इन्द्रसरोवर १ मार्खु, मकवानपुर (जि.प्र.का. द. नं. २६७।०५३।०५४) द्वारा सञ्चालित

## रेडियो इन्द्रसरोवर १०५.८ मेगाहर्ज
## Radio Indrasarowar 105.8 MHz

इन्द्रसरोवर १ मार्खु, मकवानपुर

प.सं.:- २०७७।०७८
च.नं. :- ५०

मिति :- २०७८।०३।२८ गते

...ent
...pa

...ecretary
...bhu K. Bista
9866089936

Members
Achyut Bista
9851110360

Sabitri Thapa
9845460832

Rabindra Thapa
9860233771

...ushkal Gole Sagar
9840057234

श्री सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा
गाउँ कार्यपालिकाको कार्यालय कुलेखानी।

विषय : सूचना प्रशारण सम्बन्धमा ।

उपरोक्त विषयमा त्यस शाखाबाट प्राप्त जनहितका सूचनाहरु (व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता सम्बन्धी) यस सामुदायिक रेडियो, रेडियो इन्द्रसरोवर एफ.एम. १०५.८ मेगाहर्ज, इन्द्रसरोवर १ मार्खु, मकवानपुरबाट तपसिल अनसार प्रशारण भईरहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

प्रशारित सूचनाहरु :


| क्र.सं. | विवरण | प्रसारण समय तालिका | अवधि कम्तिमा |
|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता (बाल जन्मदर्ता, मृत्यूदर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद र बसाईसराई) सम्बन्धी स्थानिय उत्पादन | २०७५ भाद्र देखि हाल सम्म | दैनिक ६ पटक |
| २ | विवाह दर्ता सम्बन्धी राष्ट्रिय उत्पादन | २०७७ साउन देखि हाल सम्म | दैनिक ६ पटक |
| ३ | मृत्यूदर्ता सम्बन्धी राष्ट्रिय उत्पादन | २०७७ साउन देखि हाल सम्म | दैनिक ६ पटक |
| ४ | बाल जन्मदर्ता सम्बन्धी राष्ट्रिय उत्पादन | २०७७ साउन देखि हाल सम्म | दैनिक ६ पटक |
| ५ | सामाजिक सुरक्षा भत्ता नविकरण | २०७७ असार देखि हाल सम्म | दैनिक ६ पटक |
| ६ | सामाजिक सुरक्षा भत्ताको निवेदन दिनका लागि चाहिने आवश्यक कागजात सम्बन्धी | २०७७ पुष देखि हाल सम्म | दैनिक ६ पटक |
| ७ | सामाजिक सुरक्षा भत्ता नपाउने सम्बन्धी | २०७७ पुष देखि चैत्र सम्म | दैनिक ६ पटक |
| ८ | सामाजिक सुरक्षा भत्ता वितरण | चौमासिक निकासा समयमा | दैनिक ६ पटक |
| | | | |

रेडियो इन्द्रसरोवर १०५.८ मेगाहर्ज

# सामाजिक सुरक्षाको विषयमा सूचना प्रचार-प्रसारः

- सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धि सूचना प्रकाशन-प्रसारण,
- सामाजिक सुरक्षा भत्ता नपाउने अवस्थाको बारेमा सूचना प्रकाशन र प्रशारण,
- सामाजिक सुरक्षा भत्ताको नयाँ निवेदन दिदा आवश्यक पर्ने योग्य उमेर, अवस्था र कागजात सम्बन्धि सूचना प्रकाशन प्रशारण,
- सिल कोटेशन सम्बन्धि सूचना समृद्ध समाज राष्ट्रिय दैनिकमा प्रकाशन,
- सामाजिक सुरक्षा बैंक खाता सक्रिय गराउने सम्बन्धि सुचना प्रकाशन,
- चौमासिक किस्ता निकासाको सूचना प्रसारण,
- सामाजिक सुरक्षाको विषयमा विभागबाट तयार गरेको PSA तथा सूचना स्थानीय सञ्चार माध्यम, सामाजिक सञ्जाल र वेबसाइट मार्फत प्रचार प्रसार,



समाचार

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

**Indrasarowar Rural Municipality**
**Office of Municipal Executives**
Kulekhani, Makawanpur

**INVITATION FOR SEALED QUOTATION**

***(Second Date of Publication: 23 December, 2020)***


1. The Indrasarowar Rural Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery, installation and testing of Goods as specified on Bill of Quantities.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Document at the office of Indrasarowar Rural Municipality, indrasarowarmun@gmail.com, 9845345505.
3. A complete set of Bidding Document may be purchased from the office of Indrasarowar Rural Municipality by eligible Bidders on the submission of a written application along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs., 1,000.00 till 29 December, 2020 during office hours.
4. Sealed bids must be submitted to the office of Indrasarowar Rural Municipality, Makawanpur by hand on or before 12:00pm on 30 December, 2020, bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who chose to attend at 2:00 pm, 30 December, 2020 at the office of Indrasarowar Rural Municipality, Makawanpur. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs., 15,000, which shall be valid for 30 days beyond the validity period of the bid. If the bidder wishes to submit Cash Security, the cash should be deposited in Deposit Account No. 018000000113524 at Bank of Kathmandu, Indrasarowar Branch and submit the receipt of the deposited amount of cash along with the sealed quotation.
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of bid security shall remain same as specified for the original last date of bid submission.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the sealed quotation without assigning any reason, whatsoever.

Chief Administrative Officer

# २) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको परिचयपत्र नविकरण

गत आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुलाई यस आर्थिक वर्षमा भत्ता दिनका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्राप्त पत्रानुसार सम्पूर्ण वडाहरुमा पत्राचार र सूचना प्रचार प्रसार गरी भत्ता प्राप्त गर्न योग्य र सकृय लाभग्राहीको निवेदन संकलन गरी गत आ.व.मा भत्ता खाइरहेका १ हजार १ सय ११ जना लाभग्राहीको प्रणाली मार्फत नविकरण गरिएको छ ।


**नवीकरण गरिएका लाभग्राहीहरुको संख्या**



# ३) सामाजिक सुरक्षा भत्ताको नयाँ निवेदन अनलाईन इन्ट्री

सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ बमोजिम यस इन्द्रसरोवर गाउँपालिकाको क्षेत्रभित्र रहेका ५ वटै वडाहरुबाट सामाजिक सुरक्षा भत्ता प्राप्तगर्न योग्य व्यक्तिहरुबाट प्राप्त भएका निवेदनहरुलाई प्राप्त प्रमाणका आधारमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको VERSP-MIS अनलाईन प्रणालीमा तल उल्लेखित विवरण बमोजिम इन्ट्री गरीएको छ ।

| सामाजिक सुरक्षा भत्ताको किसिम | वडा नं. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| जेष्ठ नागरिक भत्ता (७० वर्ष माथि) | ३२ | १७ | ४९ | १० | २४ | १३२ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १ | १ | १ | ० | ३ | ६ |
| जेष्ठ नागरिक एकल महिला | ५ | ४ | १२ | १ | २ | २४ |
| विधवा (आर्थिक सहायता) | ८ | ८ | १३ | १० | ११ | ५० |
| क वर्ग | ७ | २ | ३ | २ | ० | १४ |
| ख वर्ग (आर्थिक सहायता) | १४ | १३ | ८ | २ | ७ | ४४ |
| दलित बालकालिका | ० | १ | २ | ० | ४ | ७ |
| **जम्मा** | ६७ | ४६ | ८८ | २५ | ५१ | २७७ |




# ४) लगत कट्टा तथा रकम फिर्ता

सामाजिक सुरक्षा भत्ता वितरणमा हुन सक्ने अनियमितता केही हदसम्म न्युनिकरण गर्न सहयोग पुग्ने अपेक्षा सहित सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा र ५ वटै वडा कार्यालयहरु बीच समन्वय गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको विवरण माथि छानविन, सोधपुछ तथा घटना दर्ता गर्न आएको आधारहरुमा तालिकामा दिइएको संख्या बमोजिम निम्न कारणहरु उल्लेख गरि वडाबाट प्राप्त सिफारिस अनुसार लगत कट्टा गरि उक्त लाभग्राहीहरुको खातामा जम्मा भएको रकम मध्ये कट्टा भएको रकमलाई फिर्ता गरि को.ले.नि.का.मा दाखिला गरिएको छ ।

- ❖ लाभग्राहीको मृत्यु भएको,
- ❖ एकल महिलाले विवाह गरेको,
- ❖ दोहोरो दर्ता भएको,
- ❖ पेन्सन खाइरहेका व्यक्तिले भत्ता बुझेको,
- ❖ जन्मेको ६० महिना पुरा भएको,
- ❖ अन्य ।


# लगत कट्टा विवरण

| क्र.सं. | लगत कट्टाको कारण | वडा नं. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 | |
| १ | मृत्यु | 31 | 19 | 22 | 20 | 41 | **133** |
| २ | दोहोरो दर्ता | 10 | 7 | 18 | 9 | 5 | **49** |
| ३ | एकल महिलाले विवाह गरेको | 1 | 0 | 0 | 0 | 0 | **1** |
| ४ | पेन्सन | 3 | 0 | 0 | 0 | 0 | **3** |
| ५ | बसाइसराइ | 1 | 0 | 0 | 1 | 0 | **2** |
| ६ | जन्मेर ६० महिना पुरा भएको | 0 | 2 | 2 | 0 | 1 | **5** |
| ७ | अन्य | 1 | 0 | 0 | 7 | 5 | **13** |
| **जम्मा** | | **47** | **28** | **42** | **37** | **52** | **206** |



# ५) बैंकसँग दोस्रो पटक सम्झौता सम्पन्न

यस गाउँपालिकाले बैंक अफ काठमाण्डौ, इन्द्रसरोवर शाखासँग पहिले नै सम्झौता गरिसकेको भएता पनि सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणाली मार्फत वितरण गर्नका लागि केही आवश्यक बुँदाहरु छुटेको हुनाले बुँदा नं. ११,१२ र १३ थप सहितको दोस्रो पटक सम्झौता सम्पन्न गरिएको छ ।



स्थानीय तह र बैकबीच हुने सम्झौता पत्र

सबै सामाजिक सुरक्षा भत्ता बैँक खाता मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम इन्द्रसरोवर गाउँपालिकाको कार्यालय कुलेखानी, मकवानपुर र श्री बैंक अफ काठमाण्डु लिमिटेड, इन्द्रसरोवर शाखा, कुलेखानी बीच सामाजिक सुरक्षा भत्ता बैंकिङ् प्रणाली मार्फत वितरण गर्ने प्रयोजनको लागि निम्न शर्तहरूको अधीनमा रही सम्झौता पत्रमा हस्ताक्षर गरी लियौँ र दियौँ ।

शर्तहरू

१. गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समूह अनुसार लाभग्राहीहरूको नाम, नागरीकता प्रमाण पत्र नं., सामाजिक सुरक्षा भत्ता परिचय पत्र नं. (एम आइ एस बाट आउने १३ अङ्कको सामाजिक सुरक्षा परिचयपत्र नं., ठेगाना, निजले चौमासिक पाउने रकम समेतको पूर्ण विवरण MIS प्रणालीमा आधारित विद्युतीय माध्यमबाट (Forward Feed) बैँकलाई उपलब्ध गराउनेछ ।

२. बैँकले गाउँपालिकाबाट प्राप्त विवरण बमोजिम लाभग्राहीको नाममा शून्य मौज्दातमा सामाजिक सुरक्षा बचत खाता खोल्ने छ । यसरी खाता खोल्दा लाभग्राहीको सामाजिक सुरक्षा भत्ता कारोबारको विवरण देखिन सक्ने गरि १३ अंङ्कको सामाजिक सुरक्षा परिचयपत्र नम्बर बैंक तथा वित्तीय संस्थाको मुख्य कारोबार गर्ने प्रणालीमा अनिवार्य सेभ गर्ने व्यवस्था गर्नु पर्नेछ ।

३. पाँच वर्ष मुनिका बालबालिकाको हकमा आमा वा संरक्षकबाट खाता सञ्चालन हुने गरी बचत खाता खोलिदिने र आमा वा संरक्षकको दस्तखतबाट खाता सञ्चालन गर्नेछ ।

४. बैँकले लाभग्राहीको खाता खोलीसकेपछि लाभग्राहीको नाम र खाता नं. सहितको विवरण विद्युतीय माध्यमबाट गाउँपालिकालाई उपलब्ध गराउनेछ ।

५. गाउँपालिकाले प्रत्येक लाभग्राहीको विवरण Forward Feed मार्फत नाम, लक्षित समूह र पाउने रकम खुलाई एकमुष्ट रकमको चेक हरेक चौमासिकमा बैँकलाई उपलब्ध गराउनेछ ।

... खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम ... उपलब्ध गराउनेछ ।

गाउँपालिकाको तर्फबाट
किरण निधि तिवारी
(प्रमुख प्रशासकीय अधिकृत)

बैँकको तर्फबाट
शंकर मुक्तान
(शाखा प्रबन्धक)

११. ९० बर्ष वा सो भन्दा बढी उमेरका जेष्ठ नागरिक र रातो कार्ड (क बर्गको) प्राप्त गरेका पूर्ण अपाङ्गता भएका लाभग्राही, अति असक्तता भएको प्रमाणीत भएका लाभग्राहीहरूको हकमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक र गाउँपालिकाको समन्वयमा सेवाग्राहीको घरदैलोबाट सामजिक सुरक्षा भत्ता वितरण व्यवस्था मिलाई बैंक मार्फत हिसाव मिलान गरिनेछ ।

१२. दुबै पक्षको सहमतिबाट लाभग्राहीहरूलाई सहज ढङ्गबाट रकम उपलब्ध गराउन थप प्रयासहरू गरीनेछ ।

१३. यो सम्झौता कम्तिमा तिन आर्थिक बर्षको लागि लागु हुनेछ । यो सम्झौताको समयावधि आपसी समझदारीमा थप गर्न सकिनेछ ।

# सम्झौता गरेका बैंकको विवरण

| स.नं | जिल्ला | स्थानीय तह | वडा | सम्झौता गरेको बैंक नाम | सम्झौता गरेको मिति |
|---|---|---|---|---|---|
| 2345 | मकवानपुर | इन्द्रसरोवर गाउँपालिका | वडा नं.१ | बैंक अफ काठमाण्डौं लि., Head Office - Kamalpokhari Branch,( Branch- Indrasarovar Branch) | २०७७-०८-१६ |
| 2346 | मकवानपुर | इन्द्रसरोवर गाउँपालिका | वडा नं.२ | बैंक अफ काठमाण्डौं लि., Head Office - Kamalpokhari Branch,( Branch- Indrasarovar Branch) | २०७७-०८-१६ |
| 2347 | मकवानपुर | इन्द्रसरोवर गाउँपालिका | वडा नं.३ | बैंक अफ काठमाण्डौं लि., Head Office - Kamalpokhari Branch,( Branch- Indrasarovar Branch) | २०७७-०८-१६ |
| 2348 | मकवानपुर | इन्द्रसरोवर गाउँपालिका | वडा नं.४ | बैंक अफ काठमाण्डौं लि., Head Office - Kamalpokhari Branch,( Branch- Indrasarovar Branch) | २०७७-०८-१६ |
| 2349 | मकवानपुर | इन्द्रसरोवर गाउँपालिका | वडा नं.५ | बैंक अफ काठमाण्डौं लि., Head Office - Kamalpokhari Branch,( Branch- Indrasarovar Branch) | २०७७-०८-१६ |

# ६) बैंकिङ प्रणाली अवलम्बन

'विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४' बमोजिम बैंकसंगको समन्वयमा सम्पूर्ण लाभग्राहीहरुको उपस्थिति बिना नै खाता खोल्ने र बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नका लागि आर्थिक वर्ष २०७७-०७८ को प्रथम चौमासिक देखि प्रक्रिया सुरु गरिएको थियो । जस अन्तर्गत पहिलो चौमासिकमा वडा नं. १,२,३ र ५ बाट बैकिङ प्रणाली मार्फत वितरण सुरु गरि दोस्रो चौमासिक देखि ५ वटै वडाबाट पूर्ण रुपमा बैंकिङ्ग प्रणाली मार्फत भत्ता वितरण गरिएको छ ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्रानुसार यस इन्द्रसरोवर गाउँपालिकामा आर्थिक वर्ष २०७७-७८ को तेस्रो चौमासिक देखि अनिवार्य रुपमा बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने निर्देशनलाई मध्येनजर गर्दै 'विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४' बमोजिम यस शाखाले वडा कार्यालयहरु, बैंक अफ काठमाण्डौ इन्द्रसरोवर शाखा र स्थानीय तह आयोजना समन्वय समितिको सक्रियता तथा समन्वयमा सामाजिक सुरक्षा भत्ता वितरण दोस्रो चौमसिक देखि नै सबै वडाबाट पुर्ण रुपमा बैंकिङ प्रणालीमा जान सफल भएको छ ।

# ७) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्यात्मक विवरण

अनुसुची-१२

दफा ३० को उपदफा (क) सँग सम्बन्धित

## सामाजिक सुरक्षा भत्ता वितरणको वार्षिक विवरण

| आ.व. २०७७/०७८ | चौमासिक/वार्षिक: चौमासिक | जिल्ला: मकवानपुर | गाउपालिका: इन्द्रसरोवर गाउँपालिका | प्रदेश: बागमती |
|---|---|---|---|---|

| सि.नं | लक्षित समुह | पहिलो चौमासिक | | | | | दोस्रो चौमासिक | | | | | तेस्रो चौमासिक | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कायम सख्या | रकम | वितरण गरेको संख्या | वितरण गरेको रकम | फिर्ता | कायम सख्या | रकम | वितरण गरेको संख्या | वितरण गरेको रकम | फिर्ता | कायम सख्या | रकम | वितरण गरेको संख्या | वितरण गरेको रकम | |
| १ | जेष्ठ नागरिक भत्ता (७० वर्ष माथी) | ६४३ | ७६७२९३५ | ६२९ | ७४६०३०२ | २१२६३३ | ६३६ | ७५०४६२१ | ६३६ | ७४७२२२८ | ३२३९३ | ६४१ | ७५९१९०४ | ६४१ | ७५९१९०४ | २२५२४४३४ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | १२ | ९४००० | १२ | ९४००० | ० | १३ | १०४००० | १३ | १०४००० | ० | १६ | १२०००० | १६ | १२०००० | ३१८००० |
| ३ | जेष्ठ नागरिक एकल महिला | १८० | १४५२००० | १७९ | १४२०००० | ३२००० | १८९ | १४९२००० | १८९ | १४९२००० | ० | १९४ | १५३७५४८ | १९४ | १५३७५४८ | ४४४९५४८ |
| ४ | विधवा (आर्थिक सहायता) | ३०० | २३५६००० | २९७ | २३२८००० | २८००० | ३०८ | २४१०००० | ३०८ | २४१०००० | ० | ३२३ | २५३६००० | ३२३ | २५३६००० | ७२७४००० |
| ५ | क वर्ग | २८ | ३३६००० | २८ | ३३६००० | ० | ३२ | ३७२००० | ३२ | ३७२००० | ० | ४३ | ५१६००० | ४३ | ५१६००० | १२२४००० |
| ६ | ख वर्ग (आर्थिक सहायता) | ५५ | ३५२००० | ५५ | ३५२००० | ० | ६९ | ४१२८०० | ६९ | ४१२८०० | ० | ९४ | ५९६८०० | ९४ | ५९६८०० | १३६१६०० |
| ७ | दलित वालवालिका | २१ | ३१६८८ | २१ | ३१६८८ | ० | २१ | ३२४५३ | २१ | ३२४५३ | ० | २१ | ३२८०० | २१ | ३२८०० | ९६९४१ |
| जम्मा | | १२३९ | १२२९४६२३ | १२२१ | १२०२१९९० | २७२६३३ | १२६८ | १२३२७८७४ | १२६८ | १२२९५४८१ | ३२३९३ | १३३२ | १२९३१०५२ | १३३२ | १२९३१०५२ | ३७२४८५२३ |

# ८) विवरण शुद्धिकरण, अद्यावधिक र सार्वजनिक

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको वितरणमा १ सय वर्ष भन्दा माथिको उमेर रहेका लाभग्राहीहरुको छानबिन गरी सोको यथार्थ विवरण अद्यावधिक गरिएको छ । साथै प्रणालीमा प्रविष्ट गरिएका पुराना लाभग्राहीहरुको विवरण अपुरो र फरक विवरण भएकाहरुको छानबिनगरी विवरण सच्याउने तथा शुद्धिकरण गर्ने कार्य गरिएको छ । भने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले दोस्रो र तेस्रो चौमासिकमा भत्ता प्राप्त गर्ने विवरण र भत्ता प्राप्त गरेको विवरण गाउँपालिकाको वेबसाइट, सामाजिक सञ्जाल र वडा कार्यालयहरुमा सार्वजनिक गरिएको छ ।

"प्रयोगमैत्री संरचना, पर्यटन र कृषि-समतामुलक विकास इन्द्रसरोवरको समृद्धि"

**इन्द्रसरोवर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
कुलेखानी, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०७७/०७८
चलानी नं : ३८

मिति: २०७७/०४/१२

श्री नेपाल सरकार गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमांडौ ।

विषयः तथ्याङ्क अध्यावधिक गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ विभागको मिति २०७७/०२/२७, च.नं. १५७१ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो र तहाँ विभागबाट सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली (VERSP-MIS) मा यस कार्यालयको तथ्याङ्कमा १०० वर्ष माथिका उमेर समुहका लाभग्राही २ जना मात्र रहेको र सम्बन्धित व्यक्तिहरुको संलग्न विवरण अनुरुपको नागरिकता रुजु गरी हेर्दा यस गाउँपालिका २ नं. वडाका नेपाली नागरिकता प्रमाणपत्र नं. ९९ जारी मिति २०४४/११/२२ को मनमाया गोलेले विगतको आर्थिक बर्ष देखि आर्थिक वर्ष २०७६/०७७ को अन्तिम किस्ता समेत निज आफैले बुझ्नु भएको र यस गाउँपालिका ५ नं. वडाका नेपाली नागरिकता प्रमाणपत्र नं. ३७५ जारी मिति २०४४/१२/१ को लक्ष्मी माया नगरकोटीले नेपाल सरकारबाट प्रदान गरिएको सामाजिक सुरक्षा भत्ता पाउँदै आइरहेको निजको अभिलेख अनलाइनमा दर्ता गर्ने क्रममा जन्म मिति १९९२/६/४ हुनु पर्नेमा भुलबस १९२२/६/४ भइ फरक भएको हुदाँ निजको उमेरमा अनियमितता देखिएको तर सम्बन्धित २ जना लाभग्राहीहरुले नियमबमोजिम लाभ लिई रहनु भएको जानकारी अनुरोध गरिन्छ।

बोधार्थः
श्री इन्द्रसरोवर गाउँपालिका २ नं. वडा कार्यालय कुलेखानी, मकवानपुर ।
श्री इन्द्रसरोवर गाउँपालिका ५ नं. वडा कार्यालय चखेल, मकवानपुर ।

२०७७।४।१२


दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत


दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

# ९) हालसम्म कायम रहेका लाभग्राही संख्या

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका गत आर्थिक वर्षबाट नविकरण भएका, नयाँ निवेदन, लगत कट्टा लगायत गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि लागि हालसम्म कायम रहेका लाभग्राहीहरुको वडागत रुपमा कुल संख्या निम्न बमोजिम रहेका छन् ।

| वडा नं. | जेष्ठ नागरिक भत्ता (७०बर्षमाथि) | जेष्ठ नागरिक भत्ता (दलित) | जेष्ठ नागरिक एकल महिला | विधवा (आर्थिक सहायता) | क बर्ग | ख बर्ग (आर्थिक सहायता) | दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | 149 | 1 | 50 | 84 | 13 | 32 | 0 | 329 |
| २ | 131 | 4 | 35 | 58 | 8 | 28 | 6 | 270 |
| ३ | 182 | 6 | 53 | 76 | 15 | 16 | 7 | 355 |
| ४ | 65 | 0 | 23 | 46 | 3 | 5 | 1 | 143 |
| ५ | 114 | 5 | 33 | 59 | 4 | 13 | 7 | 235 |
| **जम्मा** | **641** | **16** | **194** | **324** | **43** | **94** | **21** | **1332** |


हालसम्म कायम रहेका लाभग्राही संख्या
700
600
500
400
300
200
100
0
641
16
194
324
43
94
21
जेष्ठ नागरिक भत्ता (७० वर्ष माथी)
जेष्ठ नागरिक भत्ता (दलित)
जेष्ठ नागरिक एकल महिला
विधवा (आर्थिक सहायता)
क वर्ग
ख वर्ग (आर्थिक सहायता)
दलित वालवालिका


इन्द्रसरोवर गाउँपालिका
"प्रयोगमैत्री संरचना शिक्षा,पर्यटन र कृषि,समतामूलक विकास इन्द्रसरोवरको सम्बृद्धि" बागमती प्रदेश, नेपाल सरकार
Search
गृहपृष्ठ
परिचय
वडा कार्यालयहरु
कार्यक्रम तथा परियोजना
विधुतीय शुसासन सेवा
प्रतिवेदन
समाचार !!
रास्ट्रपति उत्कृस्ट कृषक पुरस्कार सम्बन्धमा
आर्थिक वर्ष :२०७७/७८ को व्यक्तिगत घटना प्रतिवेदन
Home » विधुतीय शुसासन सेवा » सामाजिक सुरक्षा
सामाजिक सुरक्षा
आर्थिक वर्ष
७७/७८
शिर्षक
आर्थिक वर्ष :२०७७/७८ को तेश्रो किस्ता अन्तर्गत वडा नं.५ वाट सामाजिक सुरक्षा भत्ता प्र
लाभग्राहीहरु
आर्थिक वर्ष :२०७७/७८ को तेश्रो किस्ता अन्तर्गत वडा नं.४ वाट सामाजिक सुरक्षा भत्ता प्र
लाभग्राहीहरु
आर्थिक वर्ष :२०७७/७८ को तेश्रो किस्ता अन्तर्गत वडा नं.३ वाट सामाजिक सुरक्षा भत्ता प्र
लाभग्राहीहरु
आर्थिक वर्ष :२०७७/७८ को तेश्रो किस्ता अन्तर्गत वडा नं.२ वाट सामाजिक सुरक्षा भत्ता प्र
लाभग्राहीहरु
आर्थिक वर्ष :२०७७/७८ को तेश्रो किस्ता अन्तर्गत वडा नं.१ वाट सामाजिक सुरक्षा भत्ता प्र
लाभग्राहीहरु
इन्द्रसरोवर गाउँपालिका आ.व २०७७/०७८ मा वडा नं ५ बाट सामाजिक सुरक्षा भत्ता पहिलो किस्ता प्राप्त गर्ने
लाभार्थीको विवरण
सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा, इन्द्रसरोवर
Published by Manjari Balami · 13 July at 12:25
आर्थिक वर्ष २०७७/७८ को तेश्रो किस्ता अन्तर्गत वडा नं. 3,सिस्नेरीका सामाजिक सुरक्षा भत्ता प्रप्त गर्ने लाभग्राहीहरुको विवरण । Indrasarowar Rural Municipality/इन्द्रसरोवर गाउँपालिका, सामाजिक
इन्द्रसरोवर, सिस्नेरी स्वास्थ्य चौकी
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण
१०) सामाजिक सुरक्षा भत्ता पाउने र पाएका लाभग्राहीहरुको विवरण सार्वजनिक

# पञ्जीकरण तर्फ:-

१) व्यक्तिगत घटना दर्ताको विषयमा विभागबाट तयार गरेको **PSA** तथा सूचना स्थानीय सञ्चार माध्यम, सामाजिक सञ्जाल र वेबसाइट मार्फत प्रचार प्रसार,

२) व्यक्तिगत घटना दर्ताका दर्ता किताब डिजिटाइजेशन कार्य सम्पन्न,

३) वडा कार्यालयको लागि कम्प्युटर, प्रिन्टर, स्क्यानर फोर जी वायरलेस डंगोल खरिद गरी वडा सचिबहरुलाई हस्तान्तरण,

४) स्थानीय तह आयोजना समन्वय समिति र गुनासो सुनुवाई समिति गठन,

५) अनलाईन घटना दर्ता सम्बन्धि वडा सचिबहरुलाई ५ दिने तालिम सम्पन्न,

६) सबै वडाबाट अनलाइन प्रणालीमा घटना दर्ता सुरु,

७) अनलाईनमा भएका व्यक्तिगत घटना दर्ताको विवरण,

८) व्यक्तिगत घटना दर्ताको वार्षिक प्रतिवेदन,

९) वार्षिक कार्यसम्पादनहरु **Progess Tracking** मा अपलोड,

१०) समस्या र चुनौतीहरु ।

# १) व्यक्तिगत घटना दर्ताको विषयमा विभागबाट तयार गरेको PSA तथा सूचना स्थानीय सञ्चार माध्यम, सामाजिक सञ्जाल र वेबसाइट मार्फत प्रचार प्रसार,



Birth Registration



Vital Events Registration



Vital Events Registration





Gunaso Darta



Death Registration





#Birth #BirthRegistration #OnlineBirthRegistration

अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग ।


# २) व्यक्तिगत घटना दर्ता किताब डिजिटाइजेशन


**के हो डिजिटाइजेशन (Digitization) ?**

**नेपालमा विधिवत रुपमा बि.सं. २०३४ बैशाख १ देखी ब्यक्तिगत घटना दर्ता प्रारम्भ भए पश्चात गरिएका सम्पूर्ण घटना दर्ता किताब (ढड्डा) लाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको Online System मा प्रविष्टि गर्ने कार्य नै Digitization हो ।**

**व्यक्तिगत घटना दर्ता किताब डिजिटाइजेशन कार्य अन्तर्गत तपशिल बमोजिमका कार्यहरु सम्पादन भएका छन् :**

- व्यक्तिगत घटना दर्ता किताब प्रमाणिकरण विवरण पुन:संकलन र लेबलिङ,
- व्यक्तिगत घटना दर्ता तथा डिजिटाइजेशन सम्बन्धि वडा सचिबहरुलाई एकदिने अभिमुखिकरण कार्यक्रम सञ्चालन,
- प्रकृयागत रुपमा सूचना प्रकाशन गरी सेवा प्रदायक छनौट,
- डिजिटाइजेशन सम्बन्धि सेवा प्रदायकलाई १ दिने तालिम सञ्चालन,
- डिजिटाइजेशन कार्य प्रयोजनका लागि वडा कार्यालयहरुबाट घटना दर्ता किताब (ढड्डा) संकलन र ढड्डा हस्तान्तरण
- सेवा प्रदायक मार्फत डिजिटाइजेशन कार्य सम्पन्न ।















व्यक्तिगत घटना दर्ता तथा डिजिटाइजेशन सम्बन्धि वडा सचिब र सेवा प्रदायकलाई १ दिने अभिमुखिकरण तालिमको झलकहरु

# डिजिटाइजेशन प्रयोजनका लागि वडाहरुको घटना दर्ता किताब (ढड्डा) संकलन र हस्तान्तरणका तस्विरहरु:-










# व्यक्तिगत घटना दर्ताका दर्ता किताब डिजिटाइजेशनको विवरण

व्यक्तिगत घटना दर्ताका दर्ता किताब डिजिटाइजेशनका कार्य प्रक्रियागत रुपमा सेवा प्रदायक मार्फत कार्य सम्पन्न गरिएको छ । प्रक्रियागत कारणहरुले गर्दा सेवा प्रदायक मार्फत निर्धारित समय भन्दा केही ढिला कार्य सम्पन्न हो । सेवा प्रदायकको सम्पूर्ण कार्य सकिसकेको भएता पनि स्थानीय पञ्जीकाधिकारीहरुले यस सम्बन्धमा चेकजाँच गर्नुपर्ने कार्य हुन नसक्दा तथ्याङ्कलाई अन्तिम रुप दिन सकिएको छैन ।

| क्र.सं | घटनाको प्रकार | दर्ता किताबमा भएको घटना दर्ता संख्या | डिजिटाइज गरेको जम्मा दर्ता संख्या | जिजिटाइज हुन नसकेका विवरणहरुको संख्या | |
|---|---|---|---|---|---|
| | | | | अक्षर नबुझिने | अपूर्ण विवरण |
| १ | जन्म | १८३३९ | १७६१७ | ६०८ | ११४ |
| २ | मृत्यु | ३६५७ | ३५१८ | ९८ | ४१ |
| ३ | सम्बन्ध बिच्छेद | १० | १० | ० | ० |
| ४ | विवाह | ५२१९ | ४९३१ | १३० | १५८ |
| ५ | बसाइ सराई | ४४३ | ४२६ | ० | १७ |
| जम्मा | | २७६६८ | २६५०२ | ८३६ | ३३० |

# ३) वडा कार्यालयको लागि कम्प्युटर, प्रिन्टर, स्क्यानर फोर जी वायरलेस डंगोल सामाग्री खरिद गरी वडा सचिबहरुलाई हस्तान्तरण

**'सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना'** अन्तर्गत यस इन्द्रसरोवर गाउँपालिकामा आ.व. २०७७-०७८ मा **व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालानार्थ ५ वटै वडा कार्यालयहरुको लागि कम्प्युटर, प्रिन्टर, स्क्यानर तथा वायरलेस डंगोल (Dongol) खरिद** शिर्षकमा विनियोजित रकम रु. ५,२५,००० (अक्षेरुपी पाँच लाख पच्चिस हजार रुपैंया मात्र) बाट सेवा प्रदायक टाईम्स इन्टरप्राइजेज मार्फत खरिद गरी वडा कार्यालयमा हस्तान्तरण गरिएको छ । जस अन्तर्गत निम्न कार्यहरु सम्पादन भएकाछन्:-

- सिल कोटेशनको सूचना प्रकाशन,
- खरिद प्रकृया अनुरुप सेवा प्रदायक छनौट,
- सेवा प्रदायक मार्फत डेक्सटप कम्प्युटर, प्रिन्टर, स्क्यानर तथा 4G Wireless Dongol खरिद,
- औपचारिक कार्यक्रमका बिच वडा कार्यालयहरुलाई सामाग्री हस्तान्तरण,
- वडा कार्यालयमा सामाग्री जडान तथा व्यवस्थापनका लागि फिल्ड सहायक मार्फत सहजीकरण ।

# औपचारिक कार्यक्रमका बिच वडा कार्यालयहरुलाई सामाग्री हस्तान्तरण गर्दाको तस्विरहरु:-












# ४) स्थानीय तह आयोजना समन्वय समिति र गुनासो सुनुवाई समिति गठन

व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षाको विषय सँग सम्बन्धित कार्यमा स्थानीय तहमा सञ्चालन गरिने कार्यहरुमा सहजीकरण र समन्वय गर्नका लागि गाउँपालिका स्तरमा समेत विभागको निर्देशन बमोजिम तपशिलका पदाधिकारी रहने गरी स्थानीय तह आयोजना समन्वय समिति गठन गरिएको छ । भने व्यक्तिगत घटना दर्ताका सेवाग्राही र सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको सुनासो सुनुवाईमा पहुँच बढाउन र प्राप्त गुनासोलाई समाधान सम्म पर्याउन ५ वटै वडामा वडा स्तरको गुनासो सुनुवाइ समिति र गाउँपालिका स्तरमा समेत विभागको निर्देशन बमोजिम गुनासो सुनुवाई समिति गठन गरिएको छ ।

१) अध्यक्ष श्री जीबन लामा (गा.पा.अध्यक्ष)

२) सदस्यहरु श्री किरण निधि तिवारी (प्रमुख प्रशासकीय अधिकृत)

३) सदस्य श्री राजुमान महर्जन (२ नं.वडा अध्यक्ष)

४) सदस्य श्री धर्मानन्द पन्त (शिक्षा शाखा प्रमुख)

५) सदस्य सचिव श्री दिपक चापागाई (पञ्जीकरण शाखा प्रमुख)

# गुनासो सुनुवाई समिति गठन

## वडा नं.१

- जमान सिं वाईवा (वडा अध्यक्ष) (संयोजक)
- नविना बलामी (वडा सदस्य) (सदस्य)
- सुरेश प्रसाद कोइराला (सचिव) (सदस्य सचिव)

## वडा नं.२

- राजुमान मर्हजन (वडा अध्यक्ष) (संयोजक)
- सर्मिला गोले (वडा सदस्य) (सदस्य)
- राम कुमार रिमाल (सचिव) (सदस्य सचिव)

## वडा नं.३

- चिरञ्जिवी पौडेल (वडा अध्यक्ष) (संयोजक)
- तारादेवी लामा (वडा सदस्य) (सदस्य)
- शुभद्रा ओझा (सचिव) (सदस्य सचिव)

## वडा नं.४

- धनवीर स्याङ्तान (वडा अध्यक्ष) (संयोजक)
- सवित्री सुनार (वडा सदस्य) (सदस्य)
- मनिषा अधिकारी (सचिव) (सदस्य सचिव)

## वडा नं.५

- धनराज महर्जन (वडा अध्यक्ष) (संयोजक)
- दुर्गावती थोकर (वडा सदस्य) (सदस्य)
- महेश खतिवडा (सचिव) (सदस्य सचिव)

## गाउँपालिका

- किरण निधि तिवारी (प्रमुख प्रशासकीय अधिकृता) (संयोजक)
- दिपक चापागाई (शाखा प्रमुख) (सदस्य)
- मञ्जरी बलामी एम.आई.एस. अपरेटर) (सदस्य सचिव)

# ५) अनलाईन घटना दर्ता सम्बन्धि वडा सचिबहरुलाई ५ दिने तालिम सम्पन्न

केन्द्रिय पञ्जीकरण विभागले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइसराई जस्ता व्यक्तिगत घटनाहरुको दर्ता व्यवस्थापन, नियन्त्रण र सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापन गर्दै आएको छ । यस कार्यको व्यवस्थापन गर्नका लागि अनलाइन प्रणालीमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (Vital Event Registration And Social Security Management Information System, VERSP-MIS) सञ्चालनमा ल्याएको छ । यस VERSP-MIS को प्रयोगबाट स्थानीय निकायहरु वडा कार्यालय र गाउँपालिकाहरुको व्यक्तिगत घटना दर्ता गर्ने, प्रमाणपत्र जारी गर्ने, प्रतिवेदन तयार गर्ने जस्ता पञ्जीकरण सम्बन्धि सम्पूर्ण कार्यहरु गर्न सक्नेछन् र जिल्ला विकास समितिबाट प्रतिवेदनहरु हेर्न र गाउँपालिका तथा नगरपालिकाहरुले गरेका कार्यहरुको अनुगमन तथा मुल्यांकन अनलाइन मार्फत गर्न सकिन्छ । सेवाग्राही स्वयमले अनलाइन मार्फत व्यक्तिगत घटना दर्ताको सूचना फारम भरी प्राप्त टोकन सहित सम्बन्धित स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा ३५ दिन भित्र गई घटना दर्ताको प्रमाणपत्र प्राप्त गर्न सक्दछन् । यसर्थ यस गाउँपालिकामा पनि सबै वडाबाट अनलाइन प्रणालीमा आधारित व्यक्तिगत घटना दर्तालाई उच्च प्राथमिकतामा राखी गाउँपालिकाको आन्तरिक बजेटबाट नै वडा सचिवहरुलाई ५ दिने तालिम सञ्चालन गरिएको छ ।

## अनलाईन घटना दर्ता तालिमको उदेश्यहरुः-

१) हस्तलिखित प्रमाणपत्र प्रदानकार्यलाई रोक्न,

२) वडाहरुमा अनलाईन प्रणालीमा घटनादर्ता कार्य सञ्चालन गरी प्रणालीमा आधारित गाउँपालिका बनाउन ।

३) सचिबहरुलाई अनलाईन प्रणालीमा अभ्यस्त बनाउन ।

४) घटना दर्ताको क्रममा आउन सक्ने अवरोध हटाउन,


५) प्रविधिमैत्री र प्रणालीमा आधारित बनाउन,





# अनलाईन व्यक्तिगत घटना दर्ता तालिमका झलकहरु:-







# ६) सबै वडाबाट अनलाईन प्रणालीमा घटना दर्ता सुरु

इन्द्रसरोवर गाउँपालिकाको ५ वटै वडाका स्थानीय पञ्जीकाधिकारीहरुलाई अनलाईन व्यक्तिगत घटना दर्ता सम्बन्धि ५ दिने तालिम सम्पन्न गरी वडा कार्यालयको लागि कम्प्युटर, प्रिन्टर, स्क्यानर फोर जी वायरलेस डंगोल १/१ थान खरिद गरी वडा सचिबहरुलाई हस्तान्तरण गरे लगतै गाउँपालिकाको सबै वडाबाट अनलाईन प्रणालीमा व्यक्तिगत घटना दर्ता सुरु गरिएको छ । जसबाट हस्तलिखित प्रमाणपत्र जारी रोकी प्रणालीमा आधारित प्रमाणपत्र प्रदान गर्दै वडा कार्यालयलाई प्रविधिमैत्री बनाउने कोशिस गरिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

गृहपृष्ठ | हाम्रो बारेमा | राष्ट्रिय परिचयपत्र | पञ्जीकरण | सामाजिक सुरक्षा | डाउनलोड | सेवाहरु | सम्पर्क

## अनलाइन सूचना प्रणालीबाट व्यक्तिगत घटना दर्ता गर्ने वडा कार्यालय

| SN | DISTRICT | MUN_RURALMUN | OFFICE_NAME | START_DATE |
|---|---|---|---|---|
| 219 | मकवानपुर | इन्द्रसरोवर | वडा नं .४, इन्द्रसरोवर गाँउपालिका | 2078-03-27 |
| 442 | मकवानपुर | इन्द्रसरोवर | वडा नं .२, इन्द्रसरोवर गाँउपालिका | 2078-03-09 |
| 445 | मकवानपुर | इन्द्रसरोवर | वडा नं .३, इन्द्रसरोवर गाँउपालिका | 2078-03-08 |
| 517 | मकवानपुर | इन्द्रसरोवर | वडा नं .१, इन्द्रसरोवर गाँउपालिका | 2078-02-30 |
| 550 | मकवानपुर | इन्द्रसरोवर | वडा नं .५, इन्द्रसरोवर गाँउपालिका | 2078-02-25 |




छहारी नेटवर्क
'सही सूचना' सञ्चारको लागि खबर संजाल
२०७८ श्रावन २०, बुधवार
कोभिड १९ सम्बन्धी सर्वसाधारणका लागि
अहिले कोभिड-१९ (कोरोना भाईरस) संक्रम
ज्वरो आउने, रुघाखोकी लाग्ने, जिउ दुख्ने गल
समाचार | राजनीति | बागमती | लेख | कुराकानी | भोगाई | खेल | विश्व | मनोरञ्जन

## इन्द्रसरोवरका सबै वडामा अनलाईन प्रणालीबाट व्यक्तिगत घटना दर्ता सुरु

ताजा खबर


रेडियो इन्द्रसरोवर
RADIO INDRASAROWAR 105.8 MHz
बुधवार, २० श्रावण, २०७८
समाचार | समाज | शिक्षा | स्वास्थ्य | कृषि | अर्थतन्त्र | मनोरञ्जन | राजनीति | विचार | Listen Live | अन्य
समाचार खोज्नुहोस ..

## अब इन्द्रसरोवरमा अनलाईन प्रणालीबाट मात्रै व्यक्तिगत घटना दर्ता हुने

मञ्जरी बलामी ⊙ २०७८ असार १ बुधवार


इन्द्रसरोवरको सबै वडाबाट अनलाईन प्रणालीमा व्यक्तिगत घटना दर्ता सुरु
Indrasarowar Rural Municipality/इन्द्रसरोवर गाउँपालिका
THAHATIMES.COM

**इन्द्रसरोवरको सबै वडाबाट अनलाईन प्रणालीमा व्यक्तिगत घटना दर्ता सुरु**





वडा  कार्यालयहरुबाट अनलाईन व्यक्तिगत घटना दर्ता सुरु गरी प्रणालीबाट प्राप्त प्रमाणपत्र प्रदान गर्दै गरेको तस्विरहरु






# ७) अनलाईनमा दर्ता भएका व्यक्तिगत घटना दर्ताको विवरण

**इन्द्रसरोवर गाउँपालिकाको ५ वटै वडामा अनलाईन प्रणालीमा व्यक्तिगत घटना दर्ता सुरु भए यता आर्थिक वर्ष २०७७/७८ मा भएका अनलाईन प्रणाली (VERSP-MIS) मा व्यक्तिगत घटना दर्ताको विवरण निम्न बमोजिम रहेका छन् ।**

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | २ | ३ | ५ | ४ | २ | ६ | | १ | | | १ | ४ | १३ |
| २ | ८ | ७ | १५ | १ | २ | ३ | | १ | | | १ | १ | २० |
| ३ | २ | ३ | ५ | | १ | १ | | १ | | | १ | २ | ८ |
| ४ | | २ | २ | १ | १ | २ | | १ | | | १ | १ | ६ |
| ५ | २ | १ | ३ | ६ | १ | ७ | | १ | | | | | ११ |
| जम्मा | १४ | १६ | ३० | १२ | ७ | १९ | ० | ५ | ० | ० | ४ | ८ | ५८ |

# अनलाईन व्यक्तिगत घटना दर्ताको अवस्था



# ८) व्यक्तिगत घटना दर्ताको वार्षिक प्रतिवेदन


इन्द्रसरोवर गाउँपालिकाको ५ वटै वडाबाट आर्थिक वर्ष २०७७/०७८ मा भएका अफलाईन व्यक्तिगत घटना दर्ताको वडाबाट प्राप्त मासिक प्रतिवेदन अनुसारको विवरण र अनलाईन व्यक्तिगत घटना दर्ता सुरु भएपछि अनलाईन प्रणाली दर्ता भएका घटनाहरुको विवरण अनुसार तयार गरिएको वार्षिक विवरण निम्न बमोजिम रहेका छन् ।

| वडा | जन्म दर्ता | | | मृत्यु दर्ता | | | बसाइ सराइ | | | विवाह दर्ता | सम्बन्ध विच्छेद | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | आएको | गएको | जम्मा | | | |
| वडा नं. १ | ३७ | ३७ | ७४ | २१ | २५ | ४६ | ० | ८ | ८ | ३९ | २ | १६९ |
| वडा नं. २ | ६७ | ६७ | १३४ | १५ | ३० | ४५ | ० | ५ | ५ | ४३ | १ | २२८ |
| वडा नं. ३ | ५६ | ४० | ९६ | १८ | २० | ३८ | १ | ५ | ६ | २४ | ० | १६४ |
| वडा नं. ४ | २५ | २० | ४५ | ५ | १८ | २३ | ० | १ | १ | २१ | ० | ९० |
| वडा नं. ५ | १४ | ३२ | ४६ | १८ | २१ | ३९ | ० | ५ | ५ | ३७ | ० | १२७ |
| **जम्मा** | १९९ | १९६ | ३९५ | ७७ | ११४ | १९१ | १ | २४ | २५ | १६४ | ३ | ७७८ |


# Birth Registration Chart





| | Ward 1 | Ward 2 | Ward 3 | Ward 4 | Ward 5 |
|---|---|---|---|---|---|
| Female | 37 | 67 | 56 | 25 | 14 |
| Male | 37 | 67 | 40 | 20 | 32 |


Death Registration Chart
30
25
20
15
10
5
0
21
25
15
30
18
20
5
18
18
21
Female
Male
Ward 1
Ward 2
Ward 3
Ward 4
Ward 5

# विवाह दर्ता




# Migration Registration Chart




## बसाईसराइ दर्ता

⓾ हाल सम्मको तथ्याङ्क हेर्दा इन्द्रसरोवर गाउँपालिकाको ५ वटै वडाहरुमा बसाईसराई दर्ता गरेर जाने संख्या निक्कै नै न्युन हुनुका साथै बसाईसराइ गरेर आउनेको संख्या वडा नं. ३ मा १ ज्ना र अन्य वडामा शुन्य रहेको छ । जसका कारण दाँयापट्टी देखाइएको चित्रमा आएको भन्ने चार्टमा कुनै रङ नदेखिएको र संख्यामा ० (शुन्य) देखिएको हो ।



सम्बन्ध बिच्छेद
2.5
2
1.5
1
0.5
0
100%
90%
80%
70%
60%
50%
40%
30%
20%
10%
0%
2
1
0
0
0
वडा नं. १
वडा नं. २
वडा नं. ३
वडा नं. ४
वडा नं. ५

Progress Tracking System

Romanized Traditional

प्रयो

मञ्जरी बलामी
इन्द्रसरोवर गाँउपालिका
लग आउट

Outreach and Communication | Bank Contract | Registration Camp | Procurement | प्रगति विवरण

प्रतिवेदन

# ९) वार्षिक कार्यसम्पादनहरु Progess Tracking मा अपलोड

सूची / Outreach and Communication

+ नयाँ

इन्द्रसरोवर गाउँपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा, अन्तर्गत आ.व. २०७७/०७८ मा सञ्चालन भएका गतिविधिहरुको बारेमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको Progress Tracking System मार्फत निम्न बमोजिम रिपोर्टिङ गरिएको छ ।

Show

| जिल्ला | गा.पा./न.पा. | सूचना तथा सञ्चार सामाग्रीको प्रकार | प्रसारण/प्रकाशन भएको माध्यम | सञ्चार माध्यमको नाम ( नेपालीमा) | प्रकाशन/प्रसारण भएको पटक | |
|---|---|---|---|---|---|---|
| मकवानपुर | इन्द्रसरोवर गाउँपालिका | अडियो जिङ्गल | रेडियो इन्द्रसरोवर 105.8 Mhz | रेडियो | 2190 | |
| मकवानपुर | इन्द्रसरोवर गाउँपालिका | अडियो जिङ्गल | रेडियो इन्द्रसरोवर 105.8 Mhz | रेडियो | 720 | |
| मकवानपुर | इन्द्रसरोवर गाउँपालिका | अडियो जिङ्गल | रेडियो इन्द्रसरोवर 105.8 Mhz | रेडियो | 1260 | |

| | | |
|---|---|---|
| व्यक्तिगत घटना दर्ताका दर्ता किताब डिजीटाꣳइजेशनका लागि परामर्श सेवा | १-५ लाख सम्म कोटेशन मार्फत | कार्य सम्पन्न |
| व्यक्तीगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालनार्थ वडा कार्यालयहरुको लागि डेक्सटप कम्प्युटर, प्रिन्टर, स्क्यानर तथा 4G Wireless Dongol खरिद | ५-२० लाख सम्म सिल कोटेशन | कार्य सम्पन्न |

# Progess Tracking मा अपलोड गरिएको विवरणहरु:-

| वडा नं. | बैंकको नाम | बैंकको शाखा | बैंकको वर्ग | सम्झौता गरेको मिति | सम्झौता अवधी |
|---|---|---|---|---|---|
| 1 | बैंक अफ काठमाण्डौं लि., Head Office - Kamalpokhari Branch | Indrasarovar Branch | 2 | 2077-08-16 | 3 |
| 2 | बैंक अफ काठमाण्डौं लि., Head Office - Kamalpokhari Branch | Indrasarovar Branch | 2 | 2077-08-16 | 3 |
| 3 | बैंक अफ काठमाण्डौं लि., Head Office - Kamalpokhari Branch | Indrasarovar Branch | 2 | 2077-08-16 | 3 |
| 4 | बैंक अफ काठमाण्डौं लि., Head Office - Kamalpokhari Branch | Indrasarovar Branch | 2 | 2077-08-16 | 3 |
| 5 | बैंक अफ काठमाण्डौं लि., Head Office - Kamalpokhari Branch | Indrasarovar Branch | 2 | 2077-08-16 | 3 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| व्यक्तिगत घटना दर्ताका दर्ता किताब डिजीटाꣳइजेशनका लागि परामर्श सेवा | जम्मा डिजिटाईज विवरण | 1 संख्या 294000 | 0 | 0 | 0 | 0 | 27668 | 294000 |
| मसलन्द सामान खरिद (सेवा केन्द्र सञ्चालनार्थ) | स्टेशनरि,अन्य | 1 पटक 60000 | 0 | 0 | 0 | 4090 | 170 | 55910 |
| घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता सिविर सञ्चालन | शिविर संख्या | 1 वटा 456000 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| एम. आꣳइ. एस. अपरेटर र फिल्ड सहायक पारिश्रमिक, चाडपर्व खर्त तथा पोशाक खर्च | अपरेटरको पारिश्रमिक र चाडपर्व | 1 महिना 200000 | 4 | 141000 | 3 | 84600 | 5 | 141000 |
| एम. आꣳइ. एस. अपरेटर र फिल्ड सहायक पारिश्रमिक, चाडपर्व खर्त तथा पोशाक खर्च | अपरेटरको पोशाक | 1 पटक 200000 | 0 | 0 | 0 | 0 | 1 | 10000 |
| एम. आꣳइ. एस. अपरेटर र फिल्ड सहायक पारिश्रमिक, चाडपर्व खर्त तथा | फिल्ड सहायकको पारिश्रमिक र चाडपर्व | 1 महिना 200000 | 4 | 133050 | 3 | 79830 | 5 | 133050 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| एम. आ॑इ. एस. अपरेटर र फिल्ड सहायक पारिश्रमिक, चाडपर्व खर्त तथा पोशाक खर्च | फिल्ड सहायकको पोशाक | 1 पटक 200000 | 0 | 0 | 0 | 0 | 1 | 10000 |
| (१) आयोजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन (२) | आयोजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन | 1 पटक 48333 | 0 | 0 | 2 | 0 | 1 | 0 |
| सञ्चार सामाग्री प्रसारण तथा छपा॑इ (सञ्चार र पँहुच अभियान सञ्चालन) | रेडियो,एफ-एम मा प्रशारण | 1 वटा 26000 | 5 | 0 | 8 | 0 | 7 | 0 |
| सञ्चार सामाग्री प्रसारण तथा छपा॑इ (सञ्चार र पँहुच अभियान | पर्चा,प्रयाम्प्लेट छपाइ | 1 वटा 26000 | | | | | 8000 | 0 |
| सञ्चार सामाग्री प्रसारण तथा छपा॑इ (सञ्चार र पँहुच अभियान सञ्चालन) | रेडियो,एफ-एम मा प्रशारण | 1 वटा 26000 | 5 | 0 | 8 | 0 | 7 | 0 |
| सञ्चार सामाग्री प्रसारण तथा छपा॑इ (सञ्चार र पँहुच अभियान सञ्चालन) | पर्चा,प्रयाम्प्लेट छपाइ | 1 वटा 26000 | | | | | 8000 | 0 |
| एम. आ॑इ. एस. अपरेटर र फिल्ड सहायक दैनिक भ्रमण भत्ता तथा यातायत खर्च | भ्रमण तथा यातायत | 1 पटक 102000 | | | 4 | 33332 | 3 | 22500 |
| स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरुको लागि अनुगमन तथा मुल्याकन खर्च | अनुगमन तथा मूल्याङ्कन | 1 पटक 40000 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| अन्य विविध खर्च- Mobilization of CSOs, Civic Groups, NGOs for increased social accountability | सामाजिक जवाफदेहिताका लागि संध-संस्था परिचालन खर्च | 1 पटक 11000 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| LMBIS Activity | Sub Activity | वार्षिक लक्ष्य | चौमासिक प्रगति | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | खर्च(रू) | परिमाण | खर्च(रू) | परिमाण | खर्च(रू) |
| व्यक्तीगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालानार्थ वडा कार्यालयहरुको लागि डेक्सटप कम्प्युटर, प्रिन्टर, स्क्यानर तथा 4G Wireless Dongol खरिद | डेक्सटप कम्प्युटर | 1 वटा 131250 | 0 | | 0 | | 5 | 297500 |
| व्यक्तीगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालानार्थ वडा कार्यालयहरुको लागि डेक्सटप कम्प्युटर, प्रिन्टर, स्क्यानर तथा 4G Wireless Dongol खरिद | प्रिन्टर | 1 वटा 131250 | | | | | 5 | 82500 |
| व्यक्तीगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालानार्थ वडा कार्यालयहरुको लागि डेक्सटप कम्प्युटर, प्रिन्टर, स्क्यानर तथा 4G Wireless Dongol खरिद | वाईफाइ डङ्गोल(4G) | 1 वटा 131250 | | | | | 5 | 6000 |
| इन्टरनेट सेवा शुल्क | इन्टरनेट शुल्क | 12 महिना 120000 | | | | | | 120000 |
| अन्य विविध खर्च- Periodic meeting costs of LGPCC | बैठक भत्ता- LGPCC | 1 पटक 22000 | 0 | 0 | 1 | 2475 | 1 | 4527 |
| एम. आ॑इ. एस. अपरेटर र फिल्ड सहायकको लागि सञ्चार खर्च | मोबाइल टप-अप | 12 महिना 5000 | | | 6 | 1200 | 12 | 2400 |
| मेशिनरी आजार तथा फर्निचर मर्मत सम्भार | ल्यापटप,राउटर,प्रिन्टर, फर्निचर | 1 पटक 42000 | 0 | 0 | 0 | 0 | 14 | 42000 |

Send message

# Progess Tracking मा अपलोड गरिएको विवरणहरु:-

# सामाजिक सुरक्षा र पञ्जीकरणका विषयमा भएका अन्य कार्यहरु:-

सबै वडाको लागि VERSP-MIS को युजर आइडी र पासवर्ड सिर्जना गरी सबै वडा सचिवलाई प्रदान,

VERSP-MIS प्रणाली सञ्चालनका लागि IT सामाग्री Setup गरी प्रणाली प्रयोग गर्न वडा सचिवहरुलाई वडामै पुगेर र Anydesk मार्फत समेत सिकाई सहजीकरण,

सामाजिक सुरक्षा नियमावली २०७७ को कार्यान्वयनलाई प्राथमिकता दिँदै सोही बमोजिम सामाजिक सुरक्षाको नयाँ निवेदनको फारम, नवीकरण फारम र परिचयपत्र छपाई वडा कार्यालयहरुलाई वितरण,

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली २०७७ को कार्यान्वयनका लागि घटना दर्ता सम्बन्धि शुल्क सम्बन्धि नयाँ प्रावधानको वडाहरुमा लागु गराउन पहल, सोही नियमावली बमोजिमको घटना दर्ताको सूचना फारमहरु र प्रमाणपत्र छाप्ने लोगो सहितको नेपाली कागज छपाई वडा कार्यालयहरुलाई वितरण,

दर्ता शिविर सञ्चालनको तयरी स्वरुप सामाजिक सुरक्षा र घटना दर्ता सम्बन्धि लिफ्लेट, ब्रोसर र स्टिकरहरु छपाई वडा कार्यालयहरु मार्फत समूदायमा वितरण,

घटना दर्ताको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी विभागमा पठाइएको र समाजिक सञ्जाल र वेबसाइटमा सार्वजनिक,

सामाजिक सुरक्षा भत्ता वितरणमा बैंकिङ्ग प्रणाली लागु गराउन बैंक र वडा कार्यालयहरुसँग समन्वय गरी सहजीकरणका लागि पहल र फरवार्ड फिड र रिभर्स फिडको कार्य सफलता पूर्वक सम्पादन

# दर्ता शिविर सञ्चालनको तयारी स्वरुप सामाजिक सुरक्षा र घटना दर्ता सम्बन्धि लिफ्लेट, ब्रोसर र स्टिकरहरु छपाई वडा कार्यालयहरु मार्फत समूदायमा वितरण सम्बन्धि तस्विरहरु







# १०) सामाजिक सुरक्षा तथा पञ्जीकरण अन्तर्गत कार्य सम्पादनमा भएका समस्या तथा चुनौतीहरु

- प्राय वडाबाट प्राप्त सामाजिक सुरक्षा निवेदनहरुमा कागजात अपूर्ण हुने हुँदा समयमा भत्ताको लागि अनलाईन प्रविष्ट गर्न समस्या भएको र वडाबाट सा.सु.को लाभग्राहीहरुको उचित छानविन नभएको
- विभागको प्रणालीमा समस्या आइरहने र कमजोर इन्टरनेट एक्सेसको कारण वडाबाट अनलाईन घटना दर्ता गर्न समस्या भएको वडामा प्रविधि सम्बन्धि प्रयोग, ज्ञान, सिप कम हुँदा अनलाईन प्रणालीको प्रयोगमा समस्या
- भत्ता वितरणमा बैंकिङ प्रणाली अबलम्बन गर्दै गर्दा प्रक्रियागत रुपमा ढिलाई हुन गएको र वडा कार्यालयबाट भत्ता वितरणका लागि सहजता ल्याउन समन्वय, सहजीकरण र सकारात्मक पहल नहुँदा मा समस्याका साथै भत्ता वितरणमा लाभग्राहरुलाइ सास्ती
- लक्ष्य बमोजिम कार्य सम्पादन भएता पनि विभागबाट पठाईको बजेट र सो शिर्षकबाट खर्च नलेखिँ आन्तरिक बजेटबाट खर्च लेखिएको कारण कार्य सम्पादन मूल्याङ्कनमा कमि हुनुका साथै विभागबाट प्राप्त बजेट फ्रिज भएको
- वडा कार्यालयहरुमा जनशक्ति कम र वडा सचिबमा कार्यको जिम्मेवारी धेरै भएको कारण सामाजिक सुरक्षा र व्यक्तिगत घटनासँग सम्बन्धित कार्यहरु समयमै सम्पादन हुन नसकेको वडा सचिबको गुनासो
- फिल्ड/वडाहरुमा डाटा संकलन, फारम र अन्य कार्यका लागि जान साधनको समस्या हुनुका साथै फिल्डमा जाँदा पेट्रोल खर्च नपाएको

समिक्षा माथि तपाईको केही प्रश्न,
, जिज्ञासा, गुनासो, सल्लाह सुझाव ???

# Floor Open


Thank you!